# कैलारी गाउँपालिकाको,आर्थिक ऐन, २०७९

## कैलारी गाउँपालिका

## हसुलिया, कैलाली

कैलारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हसुलिया, कैलाली

चौधरी
गा.पा.अध्यक्ष

# कैलारी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७९

प्रमाणिकरण मिति : २०७९/०३/२४

**प्रस्तावना** :कैलारी गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरीवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को (२) बमोजिम कैलारी गाउँपालिकाको एघारौं गाउँ सभाले यो ऐन बनाएको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "कैलारी गाउँपालिका आर्थिक ऐन, २०७९" रहेको छ

(२) यो ऐन २०७९ साल श्रावण १ गते देखि कैलारी गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ ।

२) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "गाउँपालिका" भन्नाले कैलारी गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ग) "सभा" भन्नाले कैलारी गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

(घ) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, विनियम वा कार्यविधीले तोकिए बमोजिमलाई जनाउँछ ।

(ङ) "वडा" भन्नाले वडा समितिको कार्यालयलाई जनाउछ ।

(च) "कर" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन अनुसार लागेको वा लाग्ने कर सम्झनु पर्छ र यो शब्दले सो करको अतिरिक्त यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम सोमा लाग्ने जरिवाना समेतलाई जनाउँछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कैलारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्दछ ।

(ज) "कर निर्धारण" भन्नाले यस ऐन र अन्य प्रचलित कानून बमोजिम कर तिर्नुपर्ने दायित्व भएको व्यक्तिको कर दायित्व निश्चित गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले पुनःकर निर्धारण तथा संशोधित कर निर्धारण समेतलाई जनाउँछ ।

(झ) "करदाता" भन्नाले कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ ।

(ञ) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको वा नभएको जुनसुकै फर्म सम्झनुपर्छ ।

(ट) "सेवा शुल्क" भन्नाले कैलारी गाउँपालिकाबाट प्रदान गरिने तथा कैलारी गाउँपालिका सेवा प्रदायक रुपमा कार्य गर्ने फर्म, सेवा प्रदायकले बुझाउने शुल्कलाई सम्झनुपर्छ ।

३) **सम्पत्ति कर** : गाउँपालिका क्षेत्रभित्र रहेका घर, टहरा तथा भवनहरु र सोले चर्चेको जग्गामा अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाई असुल उपर गरिनेछ ।

स्पष्टीकरण: "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गालाई जनाउंदछ ।



राज कुमार चौधरी
गा.पा.अध्यक्ष

४) भूमि कर (मालपोत): गाउँपालिका क्षेत्रभित्रका सम्पत्ति कर लाग्ने भूमि बाहेकमा कैलारी गाउँपालिकाले अनुसूची (२) बमोजिम भूमिकर (मालपोत) लगाई असुल उपर गरिनेछ ।

५) व्यवसाय कर: गाउँपालिका क्षेत्र भित्र उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति, संघसंस्था वा निकायलाई व्यवसायको प्रक्रिति, आर्थिक कारोवार, स्थान बिशेष र लगानीलाई आधार लिई गरिएको बर्गिकरण अनुसार अनुसूची (३) बमोजिम व्यवसाय कर लगाई असुल उपर गरिनेछ ।

(२) गाउँपालिका क्षेत्रभित्र विगत लामो समय देखि पेशा व्यवसाय संचालन भएका तर करको दायरामा नआएका व्यवसायहरुलाई करको दायरामा ल्याउनको लागि आर्थिक वर्ष २०७६।७७ बाट कर लिई पेशा व्यवसायको इजाजत दिइनेछ ।

(३) आर्थिक वर्ष २०७६।०७७ बाट व्यवसाय कर असुल गर्दा व्यवसाय करको दर आर्थिक वर्ष २०७९।०८० मा उल्लेख भएको दरमा नै असुल गरिनेछ ।

६) सवारी साधन सेवा शुल्क : गाउँपालिका क्षेत्र भित्र नियमित तथा पटके रुपमा सेवा उपलब्ध गराउने सार्वजनिक तथा निजि सवारी साधनहरुमा कैलारी गाउँपालिकाले अनुसूची (४) बमोजिम बार्षिक तथा पटके सवारी साधन सेवा शुल्कका रुपमा असुल उपर गरिनेछ ।

७) विज्ञापन सेवा शुल्क : गाउँपालिका क्षेत्र भित्र आफ्नो व्यवसाय प्रवर्द्धन गर्नका लागि सार्वजनिक रुपमा विज्ञापन गर्ने विज्ञापन एजेन्सी तथा उत्पादकहरुसँग कैलारी गाउँपालिकाले अनुसूची (५) बमोजिम बार्षिक विज्ञापन सेवा शुल्कका रुपमा असुल उपर गरिनेछ ।

८) मनोरञ्जन शुल्क: गाउँपालिका क्षेत्र भित्र आफ्नो मनोरञ्जनात्मक सेवा प्रवाह गर्ने सेवा प्रदायक सँघ संस्थाबाट कैलारी गाउँपालिकाले अनुसूची (६) बमोजिम बार्षिक विज्ञापन सेवा शुल्कका रुपमा असुल उपर गरिनेछ ।

९) बहाल बिटौरी शुल्क: गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख, वा सञ्चालन गरेका वा सार्वजनिक ऐलानी पर्ती जग्गा वा भवनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा विशेष मेला पर्वमा अनुसूची (७) अनुसार बहाल विटौरी शुल्क लगाई असुल उपर गरिनेछ

१०) सवारी साधन पार्किंग शुल्क : कैलारी गाउँपालिकामा चल्ने सवारी साधनहरुलाई पार्किंग कैलारी गाउँपालिकाले अनुसूची (८) बमोजिम सवारी साधन पार्किंग शुल्क असुल उपर गरिनेछ ।

११) सेवा शुल्क र दस्तुर : कैलारी गाउँपालिकाबाट प्रदान गरिने विभिन्न किसिमको सेवाहरुमा कैलारी गाउँपालिकाले अनुसूची (९) बमोजिमको सेवा शुल्क तथा दस्तुर असुल गरिनेछ ।

१२) पर्यटन शुल्क : कैलारी गाउँपालिकामा पर्यटन प्रवर्द्धनका लागि आगमन गर्ने पर्यटकहरुसँग कैलारी गाउँपालिकाले अनुसूची (१०) बमोजिमको सेवा शुल्क तथा दस्तुर असुल गरिनेछ ।

१३) जीवजन्तु (कवाडी) कर: गाउँपालिका क्षेत्रभित्र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका वस्तुको व्यावसायीक कारोवार गरेबापत अनुसूची (११) बमोजिमको कर लगाई असुल उपर गरिनेछ ।

१४) दण्ड जरिवाना: तोकिएको समय भित्र कर तथा शुल्क नबुझाउने तथा गाउँपालिका क्षेत्रभित्र निषेध गरिएका कार्यहरु एवं प्रचलित कानुन विपरीतका कार्य गरेमा कानून जरिवाना गरिनेछ

१५) कर तथा शुल्कमा छुट: गाउँपालिकाले मा व्यवस्था भए बमोजिम कर तथा शुल्कमा सहुलियत वा छुट दिईनेछ ।

राज समन चौधरी
गा.पा.अध्यक्ष

१६) पुनरावलोकन सम्बन्धी व्यवस्था: (१) गाउँपालिकाले गरेको कर शूल्क महशुल दण्ड जरिवाना सम्बन्धी विषयमा चित्त नबुझेका करदाताले गाउँपालिकामा पुनरावलोकनका लागि निवेदन गर्न सक्नेछन । यसरी पुनरावलोकनका लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी पुनरावलोकन समिती गठन गर्नेछ ।

(२) पुनरावलोकनका लागि प्राप्त भएका निवेदन उपर ३५ दिनभित्र पुनरावलोकन समितीले छानविन तथा निर्णय गरी सम्बन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनुपर्नेछ ।

१७) कर फिर्ता सम्बन्धी व्यवस्था: करदाताले यस ऐन बमोजिम कर बुझाउदा तिनुपर्ने भन्दा बढी कर दाखिला गरेमा बढी दाखिला भएको रकम फिर्ता माग गर्न सक्ने छ सो व्यहोरा साचो देखिएमा प्रमुख प्रशासकिय अधिकृतले निवेदन परेको एक महिना भित्र रकम फिर्ता दिने निर्णय गर्नु पर्नेछ ।

१८) अन्य व्यबस्था: (१) गाउँपालिकाका अन्य शाखा तथा वडाहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आबद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नु पर्नेछ । तर, नागरिकताको सिफारिश तथा व्यक्तिगत घटना दर्ता सेवा प्रवाह गर्न भने बाधा पुगेको मानिने छैन ।

(२) अन्य स्थानीय तहमा कानुन बमोजिम दर्ता/नविकरण भएका कम्पनी, फर्म, संघसंस्थाहरुले सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुन गाउँपालिकामा पुन: व्यवसाय दर्ता गर्नुपर्ने छैन ।

(३) गाउँपालिकाले कर तथा शुल्कहरु संकलनकोलागि अग्रिम सूचना दिन, करको अभिलेख राख्न तथा कर संकलनकोलागि विद्युतिय माध्यमलाई प्रयोगमा ल्याउन सकिनेछ ।

१९) नियमावली तथा कार्यविधि बनाउन सक्ने: गाउँ कार्यपालिकाले यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी नियमावली तथा कार्यविधिहरु वनाई लागु गर्न सक्नेछ ।

२०) यसै ऐन बमोजिम भएको मानिने: यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

२१) साबिक बमोजिम हुने: यस ऐनमा उल्लिखित व्यवस्था यसै बमोजिम र उल्लिखित नभएको हकमा साविक बमोजिम नै हुनेछ ।

२२) बाधा अड्काउ फुकाउ: यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा कैलारी गाउँपालिका गाउँ कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहनेछ ।

२३) खारेजी : साविकमा कैलारी गाउँपालिकाले लागू गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकूल देखिएमा प्रतिकूल भएको हदसम्म खारेज हुनेछन् ।

कैलारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हसुलिया, कैलाली

राज समझ चौधरी
गा.पा.अध्यक्ष

अनुसूची (१)
सम्पत्ति करको दर

आ.व. २०७९।०८० देखि कैलारी गाउँपालिकामा तपशिल बमोजिमका आधारमा सम्पत्ति कर असुल गरिनेछ।

सम्पत्ती कर (बार्षिक)

१.भुईतले पक्की भवन रु. १००।-
२. एकतले पक्की भवन रु. १५०।-
३. दुईतले पक्की भवन रु. २००।-
४. तिनतले पक्की भवन रु ३००।-
५. तिनतला भन्दा माथिका पक्की भवनका लागि रु ५००।-
६. ईट्टाको चिनाईमा टिन/ खप्टाले छाएको घरका लागि रु.९० ।-
७. कच्ची घरको रु. ७५।-

ऐलानी पर्ति जग्गामा बनेका सम्पत्ती कर बार्षिक

१.भुईतले पक्की भवन रु. १००।-
२. एकतले पक्की भवन रु. १५०।-
३. दुईतले पक्की भवन रु. २००।-
४. तिनतले पक्की भवन रु. ३००।-
५. तिनतला भन्दा माथिका पक्की भवनका लागि रु ५००।-
६. ईट्टाको चिनाईमा टिन/ खप्टाले छाएको घरका लागि रु.९० ।-
७. कच्ची घरको रु. ७५।-

बजार क्षेत्र।

१. व्यवसायिक प्रयोजनमा प्रयोग भएका कच्ची घरको रु. १००।
२. व्यवसायिक प्रयोजनमा प्रयोग भएका ईट्टा/ढुँगाले बनेको टिन/टायलको छाना भएको घरको/खोकाको रु. १५०।
३. व्यवसायिक प्रयोजनमा प्रयोग भएका एकतले पक्की घरको रु. २००।
४. व्यवसायिक प्रयोजनमा प्रयोग भएका दुईतले पक्की घरको रु. ४००।
५. व्यवसायिक प्रयोजनमा प्रयोग भएका दुईतला भन्दा बढी तला भएका पक्की घरको रु. ६००।

पुनश्च : घर टहरामा व्यवसाय संचालन गर्ने वयवसायीले माथी उल्लेखीत कर बाहेक जुनसुकै प्रकारको व्यवसाय गरेमा उक्त व्यवसायको गा.पा.लाई तिर्नुपर्ने व्यवसाय कर अलगबाट तिर्नुपर्नेछ।

राज समन चौधरी
गा.पा.अध्यक्ष

## अनुसूची (२)
## भूमिकर (मालपोत) को दर

आ.व.२०७९।०८० देखि कैलारी गाउँपालिकामा तपशिल बमोजिमका आधारमा मालपोत असुल गरिनेछ।

मालपोत भुमिकर (प्रति एक कठ्ठा) दर बार्षिक

**नम्बरी जग्गा**

१. "क"वर्गको सडकसँग जोडिएको जमिनका लागि रु.१३१ को ५०% छुट = ६५.५०।-
२. "ख"वर्गको सडकसँग जोडिएको जमिनका लागि रु. रु.८४ को ५०% छुट = ४२।-
३. "ग"वर्गको सडकसँग जोडिएको जमिनका लागि रु. रु.७९ को ५०% छुट = ३९.५०।-
४. "घ"वर्गको सडकसँग जोडिएको जमिनका लागि रु. रु.५८ को ५०% छुट = २९।-
५. अन्य सडकमा परेमा रु. रु.५२ को ५०% छुट= २६।-
६. बाटो नभएकोमा रु.रु.४७ को ५०% छुट = २३.५०।-

**ऐलानी पर्ति जग्गाको भुमिकर (प्रति एक कठ्ठा) दर बार्षिक**

१. "क"वर्गको सडकसँग जोडिएको जमिनका लागि रु. रु.१३१ को ५०% छुट = ६५.५०।-
२. "ख"वर्गको सडकसँग जोडिएको जमिनका लागि रु. [illegible] को ५०% छुट = ४२।-
३. "ग"वर्गको सडकसँग जोडिएको जमिनका लागि रु. रु.७९ को ५०% छुट = ३९.५०।-
४. "घ"वर्गको सडकसँग जोडिएको जमिनका लागि रु. रु.५८ को ५०% छुट = २९।-
५. अन्य सडकमा परेमा रु. रु.५२ को ५०% छुट = २६।-
६. बाटो नभएकोमा रु. रु४७ को ५०% छुट = २३.५०।-

"बजार क्षेत्र" : जुनसुकै वर्गका बाटोमा भएपनि विभिन्न बजारमा परेमा रु.१५०।-

**पुनश्च :**

- गत विगत वर्षको मालपोत तिर्नु पर्ने बाँकी बक्यौता रकम गत विगतमा तोकिएको दर अनुसार नै तिर्नु पर्नेछ। साथै आ.व. २०७८/०७९ को मालपोत दरमा २५% छुट गरिएकोमा सोही दर कायम हुनेछ।
- सडक गुरु योजनाले सडकलाई चार वर्गमा विभाजन गरी मालपोत भूमिकरको शुल्क निर्धारण गरेकोमा "ख" वर्गका सडकहरुको समेत कालोपत्रे गरिएको हुदा कालो पत्रे गरिएको क्षेत्र सम्मको सडकको दायाबायाँ पर्ने सडकका हकमा "क" वर्गका सडकमा पर्ने जमिनका लागि निर्धारण गरिएको दर रेट अनुसारको मालपोत भुमिकर लिने।
- कैलारी गाउँपालिकाका विभिन्न नागरीकहरुको जग्गा नदिले पूर्ण रुपमा कटान गरेकोमा किसानसँग फिल्डमा जग्गा नभएको तर लालपुर्जामा जग्गा भएका किसानको हकमा तोकिएको दररेटको ५०% दरले मालपोत भुमिकर लिने र सोको जग्गाको सट्टा ऐलानी पर्ति जग्गाको भोगचलन गरेको हकमा निर्धारीत दररेट अनुसार नै मालपोत भुमिकर लिने।

**जरिबाना**

- ✓ १ बर्षको ५%
- ✓ २ बर्षको ७%
- ✓ ३ बर्षको १०%
- ✓ ४ बर्षको १२%
- ✓ ५ वा सो भन्दा माथि १५%

अनुसूची (३)

आ.व. २०७९।०८० देखि कैलारी गाउँपालिकामा तपशिल बमोजिमका आधारमा व्यवसाय कर असुल गरिनेछ।

## व्यवसाय करको बार्षिक न्यूनतम तथा अधिकतम दर

| क्र.सं. | व्यवसायको विवरण | बार्षिक करको दर |
|---|---|---|
| १ | होटल, लज एवं साधारण होटल मदिरा बिक्रि वितरण नगर्ने | १०००।– |
| २ | होटल रेष्टुरेन्ट(मःम, मासु, माछा मदिरा समेत बिक्रि वितरण गर्ने) | २०००।– |
| ३ | मिठाई पसल | ५००।– |
| ४ | सामान्य चिया नास्ता | ३००।– |
| ५ | कपडा पसल थोक | १५००।– |
| ६ | कपडा पसल खुद्रा | ७००।– |
| ७ | फेन्सी पसल | १५००।– |
| ८ | विविध श्रृगार पसल(थोक/खुद्रा) /तालिम केन्द्र | १०००।– ७००/-१५०० |
| ९ | उनी धागो पसल | ७००।– |
| १० | जुत्ता चप्पल पसल | १०००।– |
| ११ | मदिराको थोक बिक्रेता | ५०००/- |
| १२ | निर्माण सामाग्री | ४०००।– |
| १३ | खाद्यान्न, किराना डिलर/खुद्रा | १५००।– ५००/- |
| १४ | भाडा पसल | १०००।– |
| १५ | गिफ्ट पसल | ७००/- |
| १६ | पुस्तक तथा पत्रिका पसल | १२००।– |
| १७ | छापाखाना | २५००।– |
| १८ | आर्ट | ७००।– |
| १९ | फोटो स्टुडियो तथा भिडियोग्राफी | १०००।– |
| २० | केबुल नेटवर्क/डिजिटल नेटवर्क प्रदायक | ५०००।– |
| २१ | टि.भी., घडी, पंखा रेडियो विक्री/मर्मत | ७००।– |
| २२ | च्याम्फा ट्रेक्टर, पानी मोटर मर्मत | १०००।– |
| २३ | साइकल मर्मत | ५००/- |
| २४ | मोटरसाइकल, पार्टस/वर्कसप | १५००।– |
| २५ | ट्रेक्टर वर्कसप | ३००० |
| २६ | ड्राइभिङ्ग इन्स्टिच्यूट | १०००।– |
| २७ | टायर मर्मत चारपाँग्रे | ७००।– |
| २८ | ग्रिल उद्योग | २५००।– |
| २९ | कवाडी सामानको थोक विक्रेता | १०००।– |
| ३० | टेण्ट हाउस | २५००।– |
| ३१ | लाउण्डी पसल | ७००।– |
| ३२ | मादल पसल/वाद्यय सामग्री पसल | ७००।– |
| ३३ | गोवर ग्याँस कम्पनी दर्ता (सुचिकृत) | १०००।– |
| ३४ | पाउरोटी/नमकिन/चाउमिन उद्योग | १००० |
| ३५ | एल.पि.जि. ग्याँस विक्रेता पसल चुलो सहित | १०००।– |

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

राज ... चौधरी
गा.पा. अध्यक्ष

| | | |
|---|---|---|
| ३६ | वित्तिय संस्था/सहकारी संस्था | २०००।- |
| ३७ | कलर ल्याब | १०००।- |
| ३८ | निजी अस्पताल | ५०००।- |
| ३९ | औषधी पसल (मेडिकल) | १००० |
| ४० | पशु औषधी पसल / वीज भण्डार (एग्रोभेट) | २०००।- |
| ४१ | रंगरोगन पसल | १५००।- |
| ४२ | इलेक्ट्रिक थोक तथा खुद्रा विक्रेता | २००० |
| ४३ | फर्निचर उद्योग | २५००।- |
| ४४ | फर्निचर पसल | १५००।- |
| ४५ | मिल (काठ चिरानी) | ३०००।- |
| ४६ | मिल (कुटानी पिसानी) | २००० |
| ४७ | सुनचाँदी पसल | १५००।- |
| ४८ | आइसक्रिम उद्योग तथा पसल | ७००।- |
| ४९ | डेरी उद्योग | १००० |
| ५० | कपडा सिलाई | १०००।- |
| ५१ | हेयर कटिङ्ग सैलुन | ७००।- |
| ५२ | ल फर्म | १०००।- |
| ५३ | घ वर्गको ठेक्का | १००००।- |
| ५४ | निर्माण व्यवसायी क,ख,ग,घ कार्यालय राखे वापत | १०००।- |
| ५५ | पेट्रोल पम्प | ५०००।- |
| ५६ | कुरियर, फ्याक्स, कम्प्युटर र टेलिफोन पसल/ई सेवा | १०००।- |
| ५७ | उद्योग स्थापना गर्न सिफारिस/स्वीकृती | २५००।- |
| ५८ | सपिङ्ग सेन्टर(विविध) | १०००।- |
| ५९ | तरकारी पसल | ७००।- |
| ६० | चश्मा पसल | ७००।- |
| ६१ | दात बनाउने पसल | ७००।- |
| ६२ | मासु पसल | १०००।- |
| ६३ | नर्सरी र फलफरुलका विरुवा विक्री वितरण | ७००।- |
| ६४ | माटोको माडा बनाउने | ५००।- |
| ६५ | टेक्निकल इन्स्टिच्यूट | १५००।- |
| ६६ | कन्सल्टेन्सी फर्म (इन्जीनियर र ओ.) | ३०००।- |
| ६७ | रेमिटेन्स सेवा | २०००।- |
| ६८ | अडिटर फर्म(क, ख, ग, घ) | १०००।- |
| ६९ | चिकित्सक विशेषज्ञ, सहायक, कविराज | २०००।- |
| ७० | ल्याव | १०००।- |
| ७१ | मोवाइल ग्यालरी | १०००। |
| ७२ | इट्टा भट्टा उद्योग चिम्नीको | ५०,०००।- |
| ७३ | कटिङ्ग ढुंगा उद्योग/क्रेसर उद्योग संचालन | ५०००।- |
| ७४ | ब्लक उद्योग | २०००।- |
| ७५ | ट्राभल्स एण्ड टुर्स प्रा.लि. | २०००।- |
| ७६ | बैदेशिक रोजगार कम्पनी | ५०००।- |
| ७७ | मोवाइल टावर | २०००।- |
| ७८ | ईन्टरनेट सर्भिस प्रोभाइडर कम्पनी | २०००।- |



कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

राजेन्द्र चौधरी
गा.पा.अध्यक्ष

| | | |
|---|---|---|
| ७९ | कम्प्युटर इन्स्टिच्यूट | १०००।- |
| ८० | कम्प्यूटर मोबाइल मर्मत केन्द्र | १०००।- |
| ८१ | सिरक डसना सिलाई उद्योग | १०००।- |
| ८२ | नृत्य कला केन्द्र | ७००।- |
| ८३ | एफ.एम. रेडियो स्टेशन | १५००।- |
| ८४ | गाई, भैसी, बाखा फर्म/पालन व्यवसाय | १५००।- |
| ८५ | माछा पालन व्यवसाय | २०००।- |
| ८६ | गल्ला/खाद्यान्न व्यापारी ( व्यापारी स्वयमले तिर्ने) | ५,०००।- |
| ८७ | टेलिफोन तथा मोबायलका टावर | ५,०००।- |
| ८८ | पोल्ट्री फर्म | १५००।- |
| ८९ | रासायनिक मल विक्री डिपो | १०००।- |
| ९० | कृषि समूह दर्ता तथा नविकरण | ५००।- |
| ९१ | गाउँपालिकाको भ्याक्हो लोडर इन्धन सहित (प्रति घण्टा) | ३०००।- |
| ९२ | गाउँपालिकाको भ्याक्हो लोडर इन्धन बाहेक (प्रति घण्टा) | १५००।- |
| ९३ | गाउँपालिकाको ट्रेक्टर भाडा डिजल बाहेक (प्रति दिन) | ३०००।- |
| ९४ | कोल्ड्रिक खुद्रा बिक्रेता | ५००।- |
| ९५ | कोल्ड्रिक थोक बिक्रेता | १०००।- |
| ९६ | प्लाष्टिक पसल खुद्रा | १०००।- |
| ९७ | पलाष्टिक पसल थोक | २०००।- |
| ९८ | ल्याव टेस्ट : सडक स्तरनोन्नती | |
| | क.२० लाख सम्म | १५००० |
| | ख. २० भन्दा माथि | २०००० |
| | ल्याव टेस्ट : सडक कालोपत्रे | |
| | क. ५० लाख सम्मको | २५००० |
| | ख. ५० लाख भन्दा माथि | ३५००० |
| ९९ | गारमेन्ट उद्योग | १००० |
| १०० | कृषि विउविजन उत्पादन | १००० |
| १०१ | बोडिङ्ग स्कुल संचालन सेवा दस्तुर | |
| | कक्षा १ देखि ५ सम्म | २००० |
| | कक्षा १ देखि ८ सम्म | ३००० |
| | कक्षा १ देखि १२ सम्म | ५००० |

**द्रष्टव्य :** माथि उल्लेखित पेशा/व्यवसाय बाहेकका क्षेत्रका लागि माथिको व्यवसाय सँग मिल्दोजिल्दो व्यवसाय बराबरको कर/दस्तुर लिईनेछ ।

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हटुनिया, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

राज [illegible] चौधरी
गा.पा.अध्यक्ष

अनुसूची (४)

**आ.व. २०७९।०८० देखि कैलारी गाउँपालिकामा तपशिल बमोजिमका आधारमा सवारी साधन असुल गरिनेछ।**

**सवारी साधन सेवा शुल्कको दर**

**(क) बार्षिक सवारी साधन सेवा शुल्क**

| सि.नं. | बार्षिक सवारी साधन | करको दर(रु.) |
|---|---|---|
| १ | बस, ट्रक, लहरी र अन्य हेभी गाडी | १५००।- |
| २ | भाडा तथा निजी मिनीबस, ट्रक | १०००।- |
| ३ | वातावरणमैत्री रिक्सा | ३००।- |
| ४ | भाडाको कार जिप | १०००।- |
| ५ | निजी कार, भ्यान, जिप, पिकअप | १०००।- |
| ६ | ट्याक्टर ठूलो २० हर्ष पावर भन्दा माथि | ५००।- |
| ७ | ट्याक्टर ठूलो २० हर्ष पावर भन्दा सानो | ३००।- |
| ८ | स्कुटर, मोटरसाइकल | २००।- |
| ९ | अटो रिक्सा | ३००।- |
| १० | पावर टेलर | २००।- |
| ११ | लोडर, डोजर र एक्साभेटर, जेसिबि, रोलर(भ्याकुम) कम्पेन | १५००।- |

**(ख) पटके सवारी सेवा शुल्क (वार्षिक)**

| सि.नं. | पटके सवारी सेवाको विवरण | करको दर(रु.) |
|---|---|---|
| १ | बस, ट्रक | ५०।- |
| २ | लहरी(६ टायरभन्दा बढी) | १००।- |
| ३ | ट्याक्टर ठूलो(४० हर्षपावरभन्दा बढी) | ४०।- |
| ४ | मिनी बस, ट्रक | ३०।- |
| ५ | निजी कार, भाडा कर | २०।- |
| ६ | ट्याम्पो | २०।- |
| ७ | विदेशी बस ट्रक | २००।- |
| ८ | विदेशी लहरी(६ टायर भन्दा बढी) | २००।- |
| ९ | विदेशी मिनी बस, ट्रक | १५०।- |
| १० | विदेशी कार/ट्याक्सी | १००।- |

अनुसूची (५)

**आ.व. २०७९।०८० देखि कैलारी गाउँपालिकामा तपशिल बमोजिमका आधारमा विज्ञापन शुल्क असुल गरिनेछ।**

**विज्ञापन सेवा शुल्क बार्षिक दर**

| सि.नं. | विज्ञापन करको विवरण | करको दर |
|---|---|---|
| १ | साइनबोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफुट भन्दा माथि | रु. ५०/- प्रतिवर्गफुट |
| २ | साइनबोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफुट सम्म | रु. १०००/- देखि रु. २०००/- |
| ३ | तुल ब्यानर एक हप्ताको लागि | रु. १००/- देखि रु. २००/- |
| ४ | तुल ब्यानर एक हप्ताभन्दा बढी एक महिनासम्म | रु. १५०/- देखि ३००/- |
| ५ | पोल ब्यानर एक हप्ताभन्दा बढी एक महिनासम्म | प्रति ब्यानर रु. ५०/- |

कैलारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राज समान चौधरी

## अनुसूची (६)

आ.व. २०७९।०८० देखि कैलारी गाउँपालिकामा तपशिल बमोजिमका आधारमा मनोरञ्जन शुल्क असुल गरिनेछ

मनोरञ्जन शुल्क बार्षिक दर

| क) | मनोरञ्जन कर |
|---|---|
| १ | प्रति टिकटको १० प्रतिशत बराबरको रकम |
| २ | केवुल नेटवर्कहरुको प्रति ग्राहक बार्षिक रु. ६०/- केवल व्यवसायबाट . |

## अनुसूची (७)

आ.व. २०७९।०८० देखि कैलारी गाउँपालिकामा तपशिल बमोजिमका आधारमा वहाल विटौरी असुल गरिनेछ ।

वहाल विटौरी शुल्कको दर

| सि.नं. | वहाल विटौरी शुल्क | शुल्क प्रतिदिन |
|---|---|---|
| १ | गा.पा. क्षेत्रको सार्वजनिक एवं ऐलानी जग्गामा संचालन भएका स-साना व्यवसायबाट दैनिक संकलन गरिने शुल्क | रु. १०/ प्रति वर्गफुट |
| २ | गाउँपालिकाद्वारा निर्माण भएका घर, टहरा तथा हाट बजारबाट व्यवसाय संचालन भएको दिनमा संकलन गरिने शुल्क | रु. १००/- |

## अनुसूची (८)

आ.व. २०७९।०८० देखि कैलारी गाउँपालिकामा तपशिल बमोजिमका आधारमा पार्किंग शुल्क असुल गरिनेछ ।

सवारी पार्किङ्ग शुल्कको दर

| सि.नं. | सवारी पार्किङ्ग शुल्क | दर |
|---|---|---|
| १ | ठूला सवारी साधन | रु. १००/- बस पार्कमा |
| २ | साना सवारी साधन | रु. ५०/ बस पार्कमा |
| ३ | अन्य शहरी क्षेत्रमा(सबै साना ठूला सवारी साधन) | रु. ५/- |

## अनुसूची (९)

आ.व. २०७९।०८० देखि कैलारी गाउँपालिकामा तपशिल बमोजिमका आधारमा विभिन्न सेवा शुल्क र सिफारिस असुल गरिनेछ ।

सेवा शुल्क र दस्तुरको दर

| सि.नं. | विवरण | शुल्क तथा दस्तुर |
|---|---|---|
| ?१) | सिफारिस तथा प्रमाणित | |
| १ | जन्म, मृत्यु, विवाह, बसोबास प्रमाणित लगायतको सिफारिस | २००।- |
| २ | व्यक्तिगत घटना दर्ता बिलम्ब शुल्क | २००।- |
| ३ | नाम,ठेगाना संसोधन वा एकै व्यक्ति हो भन्ने प्रकृतिका सिफारिस | २००।- |
| ४ | घटना दर्ता प्रतिलिपि | ५००।- |
| | सुचना किताव हेरेको | २००। |
| ५ | घरजग्गा दा.खा.नामसारी सिफारिस<br>पाँच लाख सम्मको मुल्यांकनमा रु<br>पाँच लाख देखी दश लाख सम्मको मुल्यांकनमा<br>दश लाख भन्दा माथीको मुल्यांकनमा | <br>७५०।-<br>१०००।-<br>१५००।- |
| ६ | घरबाटो प्रमाणित<br>पाँच लाख सम्मको मुल्यांकनमा रु<br>पाँच लाख देखी दश लाख सम्मको मुल्यांकनमा | <br>७५०।-<br>१०००।- |

कैलारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हसुलिया, कैलाली

[illegible] सम्मन चौधरी
गा.पा.अध्यक्ष

| | | |
|---|---|---|
| | दश लाख भन्दा माथीको मुल्यांकनमा | १५००।- |
| ७ | नाता प्रमाणित | २१०।- |
| ८ | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | ३००।- |
| ९ | असियार प्रमाणित | ५००।- |
| १० | संघ संस्था दर्ता सम्बन्धी सिफारिस तथा नविकरण | ५००।- |
| ११ | सहकारी संस्था दर्ता सिफारिस | २५०० |
| १२ | निजी विद्यालय दर्ता र स्तर वृद्धि(कक्षा १ देखि ५ सम्म, कक्षा १ देखि ८ सम्म, कक्षा १ देखि १२ सम्म) सिफारिस | ३,०००।-५,०००।-१०,०००।- |
| १३ | काठ दाउराको सिफारिस | काठ ट्रिप ३५०/-, दाउरा ट्रिप २५०/- |
| १४ | कोचिंग कक्षा संचालन सिफारिस | १००० |
| १५ | नम्बरी जग्गाको रुख कटानी सिफारिस(प्रति रुख) | १०० |
| १६ | गा.पा. बाहिर काठ निकाशी प्रति टेक्टर, ट्रक | १०००।-१५००।- |
| १७ | अंग्रेजी रुपान्तरण प्रति सिफारिस | ५००।- |
| १८ | वंशजको नागरीकता सम्बन्धि सिफारिस | ११०।- |
| १९ | वैवाहिक अंगीकृत नागरीकता सम्बन्धि सिफारिस | ५००।- |
| २० | नाम छुटको सिफारिस/विद्यार्थीलाई | १००।- |
| २१ | चार किल्ला प्रमाणित सिफारिस(१ कित्ताको रु.५००/- र सो भन्दा भढी भएमा प्रति कित्ता थप रु. ५०/- का दरले) | ५००।- |
| २२ | सनाखतको सिफारिस | ३००।- |
| २३ | स्थायी बसोबास सम्बन्धी सिफारिस | ५००।- |
| २४ | नाम, थर, जन्म मिति संशोधन सिफारिस | २००।- |
| २५ | सर्जमिन शुल्क | ५००।- |
| २६ | अमिन शुल्क(१ कित्ताको रु.१०००/- र सो भन्दा भढी भएमा प्रति कित्ता थप रु. ५००/- का दरले) | १०००।- |
| २७ | विद्युत जडान सम्बन्धी सिफारिस | ३००।- |
| २८ | टेलिफोन जडान सम्बन्धी सिफारिस | ३००।- |
| २९ | निजी धारा जडान सम्बन्धी सिफारिस | ३००।- |
| ३० | चारित्रिक सिफारिस | ३००। |
| ३१ | विद्युत, टेलिफोन, खानेपानी सम्बन्धी नामसारी सिफारिस | ३००।- |
| ३२ | उद्योग स्थापना सिफारिस(अन्य निकायलाई गर्दा मात्र) | ३००।- |
| ३३ | भवन निर्माण सम्पन्न सिफिारिस | ५००।- |
| ३४ | छात्रवृत्ति सम्बन्धी सिफारिस | निशुल्क |
| ३५ | सिफारिसको विवरण सच्याई दिएको | सिफारिस शुल्कको ५०% (आधा) |
| ३६ | विविध सिफारिस(नयाँ) | २००।- |
| ३७ | जाती प्रमाणित सिफारिस | २१०।- |
| ३८ | सगोल प्रमाणित | २१०।- |
| ३९ | व्यवसाय दर्ता सिफारिस | २१०।- |
| ४० | घरबाटो भए/नभएको सिफारिस दस्तुर | १०००।- |
| ४१ | नागरिकता प्रतिलिपी सिफारिस दस्तुर | २१०।- |
| २) | अन्य सिफारिस तथा शुल्क | |
| १ | निवेदन फाराम प्रति पाना | १०।- |
| २ | अनुसूची | १०।- |
| ३ | तमसुक दर्ता शुल्क | ३०० |
| ४ | भवन निर्माण दरखास्त फाराम | १०००।- |
| ५ | कोटेशन फाराम शुल्क | आर्थिक नियमावली अनुसार |
| ६ | टेण्डर फाराम शुल्क | आर्थिक नियमावली अनुसार |
| ७ | भरुवा बन्दुक नवीकरण दस्तुर | जिल्ला भर ५००/-, राज्य भर १०००/- |
| ८ | घर निर्माण नक्शाको नक्कल दस्तुर | प्रतितला रु. २००/- |
| ९ | मिलापत्र दस्तुर प्रति पक्ष र न्यायिक समिति निवेदन दस्तुर | २००।-२५ |
| ३) | हैसियत प्रमाणित (सम्पत्ति मूल्यांकन) | |
| क) | ऋण र वैदेशिक रोजगारका लागि | |
| १ | रु. १० लाख सम्म | १०००।- |
| २ | रु. २० लाख सम्म | १५००।- |

| | | |
|---|---|---|
| ३ | रु. ३० लाख सम्म | २५००/- |
| ४ | रु. ४० लाख सम्म | ३५००/- |
| ५ | रु. ५० लाख सम्म | ४०००/- |
| ६ | रु. ५० लाख भन्दा बढी प्रत्येक १० लाखमा | ५०० का दरले थप |
| ख) | अध्ययनका लागि | |
| १ | रु. २० लाख सम्मको | १०००/- |
| २ | रु. ३० लाख सम्मको | १५००/- |
| ३ | रु. ५० लाख सम्मको | २५००/- |
| ४ | रु. ५० लाख भन्दा बढी प्रत्येक १० लाखमा | २००/- का दरले थप |
| ग) | अंशबण्डा र दानबकसमा | २.(घ) मा लाग्ने रकमको ५० प्रतिशत |
| घ) | गाउँपालिकाले तत्काल(६ महिना भित्र) धितो मूल्यांकन गरेको सिफारिस पुनः नवीकरण गर्नुपर्दा जुन प्रयोजनको लागि गरिएको हो सोका लागि लाग्ने दस्तुरको १० प्रतिशत राजश्व लिईनेछ । | |
| ङ) | आय प्रमाणित गर्दा तपसिलको मूल्यले आधारमा दस्तुर लिने | |
| १ | ५ लाख रुपैयासम्म | प्रति लाखको रु. १००/- |
| २ | ५ लाख देखि १० लाख रुपैया सम्म | रु. १५००/- |
| ३ | १० लाख देखि २० लाख रुपैया सम्म | रु. २,०००/- |
| ४ | २० लाख देखि ५० लाख रुपैया सम्म | रु. २,५००/- |
| ५ | ५० लाख देखि १ करोड रुपैया सम्म | रु. ३,५००/- |
| ६ | १ करोड भन्दामाथि | रु. ५,०००/- |
| ४) | सरसफाई शुल्क | |
| १ | आंशिक रुपमा सरसफाई हुने क्षेत्रमा मासिक | २५/- |
| २ | नियमित रुपमा सरसफाई हुने सफा सडक र राजमार्ग क्षेत्र बाहेकमा मासिक | ४०/- |
| ३ | नियमति रुपमा सरसफाई हुने क्षेत्र सफा सडक र राजमार्गमा मासिक | ६०/- |
| ४ | ठूला होटल, नाई, हस्पिटल, बोडिङ्ग स्कुल तथा क्लिनिक व्यवसायहरुको मासिक | ७५/- |
| ५) | सेक्सन ट्यांक/लोडर टिपरको भाडा | |
| १ | सक्सन ट्यांक गा.पा. क्षेत्रभित्र प्रत्येक पटक/प्रति ट्यांकर | २५००/- |
| २ | सक्सन ट्यांक गा.पा. क्षेत्र बाहिर प्रत्येक पटक/प्रति ट्यांकर | ५०००/- |
| ३ | सेप्टिक ट्यांक प्रयोजनको लागि ट्याक्टर प्रयोग गरेमा प्रति ट्याक्टर | १०००/- |
| | नोट : भाडामा लैजाने व्यक्ति/संस्थाले इन्धनखर्च, चालकको भत्ता समेत व्यहोर्नुपर्नेछ । साथै उक्त साधन भाडामा लैलादा कार्यालयबाट हिडेको समय र आइपुगेको समय एकतर्फी समय मात्र गणना गरिनेछ | चालक/हेल्पर भत्ता ५००/३००/-<br>गा.पा.बाट बाहिर भत्ता ८००/६००/- |
| ६) | घर नक्शापास दस्तुर | |
| | अ) घर नक्सा पास सम्बन्धी दस्तुर | |
| सि.नं. | भौतिक संरचनाको विवरण | करको दर (प्रति ब.फी.) रु. |
| १. | आर.सी.सी. फ्रेम स्ट्रक्चर | |
| क) | भुई तला | |
| | ७०० वर्ग फिट सम्मको | ४ |
| | ७०० - १२०० वर्ग फिट सम्मको | ५ |
| | १२०१ भन्दा माथी | ६ |
| ख) | पहिलो तला | |
| | ७०० वर्ग फिट सम्मको | ५ |
| | ७०० - १२०० वर्ग फिट सम्मको | ६ |
| | १२०१ भन्दा माथी | ७ |
| ग) | दोश्रो तला | |
| | ७०० वर्ग फिट सम्मको | ६ |
| | ७०० - १२०० वर्ग फिट सम्मको | ७ |
| | १२०१ भन्दा माथी | ८ |
| घ) | तेश्रो तला वा सो भन्दा माथी प्रत्येक तलाको | १० |
| २. | लोड बेरिगं घर (सिमेन्टको जोडाई ईट्टाले बनेको न्यूनतम २३-३५ से.मी मोटाई) | |

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

राज [illegible] चौधरी गा.पा. अध्यक्ष

| | | |
|---|---|---|
| क) | पहिलो तला | |
| | ७०० वर्ग फिट सम्मको | २ |
| | ७०० - १२०० वर्ग फिट सम्मको | ३ |
| | १२०१ भन्दा माथी | ४ |
| ख) | दोस्रो तला | |
| | ७०० वर्ग फिट सम्मको | ३ |
| | ७०० - १२०० वर्ग फिट सम्मको | ४ |
| | १२०१ भन्दा माथी | ५ |
| ग) | तेस्रो तला | ५ |
| ३. | लोड बेरिंग घर (सिमेन्टको जोडाई ढुगा बनेको न्यूनतम ३५ से.मी मोटाई) | |
| क) | पहिलो तला | २.५ |
| ख) | दोस्रो तला | ३ |
| ४. | माटोको जोडाईमा इट्टाले बनेको (न्यूनतम २३-३५ से.मी. मोटाई) | १.५ |
| ५. | माटोको जोडाईमा ढुंगाले बनेको (न्यूनतम ३५- ४५ से.मी. मोटाई) | १ |
| ६. | घर नक्सा अनुगमन शुल्क | आर.सि.सि. रु. ५/- र अन्य रु. ३/- |

आ) पुराना घरहरुको हकमा नक्शा अभिलेखीकिरण आर.सी.सी का लागि प्रति वर्ग फिट रु. १०.५ र लोड बेरिग घरको रु. ७ दरहरुलाई कायम गर्ने ।

आ) साधारण स्वीकृतिका लागि फिल्ड शुल्क, सर्जमिन शुल्क लिई सर्जमिन गराई मात्र स्वीकृति दिने ।

इ) नक्सापास क्षेत्र भन्नाले यस कैलारी गाउँपालिका भित्रको सम्पूर्ण क्षेत्रमा निर्माण भएका वा निर्माण गरिने भवनलाई मानिनेछ ।

## अनुसूची (१०)

आ.व. २०७९।०८० देखि कैलारी गाउँपालिकामा तपशिल बमोजिमका आधारमा पर्यटन शुल्क असुल गरिनेछ ।

| सि.नं. | विवरण | वार्षिक करको दर |
|---|---|---|
| १ | आन्तरिक | १००/- |
| २ | बाह्य | ५००/- |

## अनुसूची (११)

आ.व. २०७९/०८० मा कवाडी करको समानको दर रेट तपशिल बमोजिम लागु गर्ने

| क.स. | समानको विबरण | ईकाई | करका दर | कैफियत |
|---|---|---|---|---|
| १ | भिण्डु (प्राकृतिक र कृतिम उनका टुक्रा | प्रति के.जी. | रु. २ | |
| २. | गार्मेन्ट कपडाको टुक्रा | प्रति के.जी. | रु. २ | |
| ३ | जलेको मोबिल | प्रति के.जी. | रु. १ | |
| ४. | जुट र पालिष्टको बोरा | प्रति के.जी. | पैसा ५० | |
| ५. | कार्पेटको टुक्रा | प्रति के.जी. | रु. २ | |
| ६. | टायर टुब | प्रति के.जी. | रु. २ | |
| ७. | थोत्रो टिन | प्रति के.जी. | रु २ | |
| ८. | पुरानो ड्रम | प्रति के.जी. | रु. २ | |
| ९ | पुरानो कागज | प्रति के.जी. | रु. १ | |
| १० | अखबार पुरानो (न्यूज प्रिन्ट) | प्रति के.जी. | रु. २ | |
| ११ | अन्य कागज (कार्टुन समेत) | प्रति के.जी. | रु. २ | |
| १२ | फलाम | प्रति के.जी. | रु. २ | |
| १३. | अन्य धातु (तामा पितल) | प्रति के.जी. | रु. ४ | |
| १४. | थोत्रिएको काम नलाग्ने मेसिनरी औजार | प्रति के.जी. | रु. २ | |
| १५ | पोलथिन पाईपका टुक्रा | प्रति के.जी. | रु. २ | |
| १६ | सिसाका धुलो तथा टुक्रा | प्रति के.जी. | रु. २ | |
| १७ | काँचको धुलो तथा टुक्रा | प्रति के.जी. | रु. २ | |
| १८. | कोक तथा अन्य पेय पदार्थका बोतल | प्रति गोटा | ५० पैसा | |
| १९. | बियरका बोतल, मदिराका बोतल तथा अन्य बोतल | प्रति गोटा | ५० पैसा | |

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हसुलिया, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

राज ... चौधरी गा.पा. अ...